नागार्जुन नगरपालिका

स्थानीय राजपत्र

खण्ड (१०), काठमाडौं बैशाख ३ गते, २०८३ साल (संख्या १)

नगर सभाबाट स्वीकृत मितिः २०८२/१२/२९

## भाग - १

# नागार्जुन नगरपालिका फोहोरमैला व्यवस्थापन ऐन, २०८२

नेपालको संविधानको धारा ३० तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा २ झ र ञ बमोजिम "नागार्जुन नगरपालिका फोहोरमैला व्यवस्थापन ऐन, २०८२" नगर सभाबाट मिति २०८२।१२।२९ गते पारित गरी जारी गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस ऐनको नाम "नागार्जुन नगरपालिका फोहोरमैला व्यवस्थापन ऐन, २०८२" रहेको छ।

(ख) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) "कार्यालय" भन्नाले नागार्जुन नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

(ख) "अनुमति" भन्नाले नागार्जुन नगरपालिकाद्वारा फोहोरमैला व्यवस्थापनको लागि दिइएको इजाजतपत्र सम्झनु पर्छ ।

(ग) "हानिकारक फोहोर" भन्नाले अस्पतालजन्य फोहोर र रसायनिक विषादी समेतलाई सम्झनु पर्छ ।

(घ) "फोहोरमैला पृथक्कीकरण" भन्नाले कुहिने, नकुहिने र हानिकारक फोहोर सम्झनु पर्छ ।

(ङ) "अनुगमन समिति" भन्नाले नगरपालिकाद्वारा गठन गरिएको अधिकार सम्पन्न समिति सम्झनु पर्छ ।

(च) "सरसफाई शुल्क" भन्नाले नगरपालिकाले उठाउने फोहोरमा लाग्ने तोकिएको शुल्क भन्ने सम्झनु पर्छ ।

(छ) "सञ्चार माध्यम" भन्नाले पत्रपत्रिका, एफ.एम. रेडियो लगायत टेलिभिजन आदिलाई सम्झनु पर्छ ।

(ज) "कसुर तथा सजायँ एवं दण्ड जरिवाना" भन्नाले फोहोरमैला ऐनको परिच्छेद २ को दफा २, ३ बमोजिम हुने कसुर तथा सजाय एवम् दण्ड जरिवाना सम्झनु पर्छ।

(झ) "जरिवाना" भन्नाले कानून विपरीत फोहोर मैला निष्काशन गर्ने, फोहोरमैलाका सवारी साधनमा तोडफोड गर्ने र फोहोर मैला विसर्जन गर्ने स्थानमा हो हल्ला गर्नेलाई नगरपालिकाद्वारा गरिने जरिवाना सम्झनु पर्छ ।

(ञ) "निषेधित फोहोर" भन्नाले नागार्जुन नगर कार्यपालिकाले राजपत्रमा सूचना प्रकाशित गरी प्रतिबन्द लगाएको वस्तु सम्झनु पर्छ ।

(ट) "सरोकारवाला सङ्घ संस्था" भन्नाले उद्योग वाणिज्य सङ्घ नगर र जिल्ला, वडा कार्यालय, टोल विकास संस्था, पत्रकार र समन्वयकारी सरकारी तथा गैर सरकारी सङ्घ संस्था सम्झनु पर्छ ।

(ठ) "सरसफाई सेवा शुल्क छुट" भन्नाले नगरपालिकाले अति बिपन्न भनी सूचिकृत गरेका र फोहोरमैला स्रोतमा नै वर्गीकरण गर्ने घरधुरीलाई बढीमा ५० प्रतिशतसम्म सरसफाई शुल्कमा दिइने छुटलाई सम्झनु पर्छ ।

(ड) "फोहोरमैला निषेधि क्षेत्र" भन्नाले खुल्ला रूपमा फोहोरमैला निष्काशन गर्न नपाइने क्षेत्रलाई सम्झनु पर्छ ।

(ढ) "आँशिक रूपमा सरसफाई हुने क्षेत्र" भन्नाले नियमित रूपमा सरसफाई नहुने क्षेत्रलाई सम्झनु पर्छ ।

३. **ऐनको व्याख्याः** यस ऐनको अन्तिम व्याख्या गर्ने अधिकार नगर कार्यपालिकालाई हुनेछ ।

४. **ऐनको संशोधनः** नगर कार्यपालिकाको निर्णयानुसार नगर सभाबाट ऐनको संशोधन हुनेछ ।

## परिच्छेद २
## नगरपालिकाले लगाउने सरसफाई सेवा शुल्क र जरिवानाको व्यवस्था

५. **सरसफाई सेवा शुल्कः** नगरपालिकाको आर्थिक ऐनमा उल्लेख भए अनुसार निम्न कार्यहरुमा सेवा शुल्क लिइनेछ ।

(क) आंसिक रूपमा सरसफाई हुने क्षेत्र,

(ख) नियमित रूपमा सरसफाई हुने सफा सडक र राजमार्ग क्षेत्र बाहेक नगरपालिकाको शहरी क्षेत्रहरु

(ग) नियमित रूपमा सरसफाई हुने सफा सडक र राजमार्ग क्षेत्र,

(घ) ठूला होटल, नाई, हस्पिटल, बोर्डिङ स्कुल तथा क्लिनिक, वित्तीय संस्था र व्यवसायी सङ्घ संस्थाहरु आदिको क्षेत्र,

(ङ) सरकारी तथा गैरसरकारी कार्यालयहरु,

(च) पार्क, उद्यान, मन्दिर, भ्यू टावर

(छ) सक्सन टयाङ्क नगरपालिका क्षेत्र भित्र प्रत्येक पटक प्रति टयाङ्कर इन्धन र चालक भत्ता बाहेक,

(ज) सक्सन टयाङ्क नगरपालिका क्षेत्र बाहिर प्रत्येक पटक प्रति टयाङ्कर इन्धन र चालक भत्ता बाहेक

(झ) सेप्टिटयाङ्क प्रयोजनका लागि टयाक्टर प्रयोग गरेमा प्रति ट्र्याक्टर

(ञ) चालक र हेल्परको भत्ता नगरपालिकाले तोके बमोजिम हुनेछ ।

(ट) व्यवसायिक घर (भाडामा, व्यापार, व्यवसाय गरेको) तथा पसल कवलहरु

(ठ) घर भाडामा लगाएको प्रत्येक घरको प्रति कोठा

(ड) अव्यवस्थित बसोबास भएको घर धुरीहरुको हकमा

(ञ) नगरपालिकाबाट कर्मचारी एवम् प्रतिनिधिहरु खटाई स्थलगत/घर दैलोमा गई अथवा ठेक्का व्यवस्थापन गरि फोहोरमैला सङ्कलन तथा व्यवस्थापन सेवा शुल्क संकलन गरिने छ।

६. **निषेधित क्षेत्रः** "फोहोरमैला व्यवस्थापन ऐन" विपरीतका देहायका निषेधित क्षेत्र भित्र निम्नानुसारका गतिविधिहरु भए गरेमा यसै ऐनले निर्दिष्ट गरे अनुसार कारवाही गरिने छः

(क) घर, कम्पाउण्डको फोहोर सडक वा अन्य सार्वजनिक स्थानमा राख्ने, फाल्ने र थुपार्ने विरुद्ध,

(ख) हानिकारक फोहोर भनी तोकिएका फोहोरहरु अन्य कुनै साधारण फोहोरमा मिसावट गर्न नपाइने,

(ग) आफ्नो घरको ढल, लिचड अन्य व्यक्तिको घर वा जग्गामा प्रदुषण गर्ने,

(घ) फोहोरमैला सङ्कलन गर्ने सवारी साधनलाई अवरोध हुने गरी कुनै सवारी साधन राखेमा वा हटाउन इन्कार गरेमा,

(ङ) फोहोरमैला सङ्कलन, ढुवानी तथा फोहोरमैला व्यवस्थापन गर्ने कार्यमा बाधा अवरोध सृजना गरेमा वा हड्ताल गरेमा,

(च) नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशित गरी प्रतिबन्ध लगाइएको फोहोरमैला र अत्याधिक हानिकारक रसायन उत्पादन गर्ने वस्तु भनी तोकिएकोमा,

(छ) समयावधि सकिएको रासायनिक विषादी तोकिएको मापदण्डको अधीनमा रही स्वयं व्यक्तिले जिम्मा लिई नष्ट नगरेमा,

(ज) औषधीजन्य फोहोरमैला तथा औजारलाई मापदण्डमा तोके बमोजिम नष्ट गर्ने र साधारण फोहोरमा मिसावट गर्न नपाइने,

(झ) आ–आफ्नो घर आँगन वा पसल कवल अगाडि राखिएको, थुपारिएको वा जम्मा गरिएको फोहोर सोही घरधनी वा पसल कवलवालाले जिम्मा लिनुपर्ने। साथै दुई घरको मध्ये भाग वा दुई व्यवसायीको कवलको मध्ये भागमा फोहोरमैला खुला रूपमा फालेको अवस्थामा फोहोर फाल्ने व्यक्तिको पहिचान गर्ने जिम्मेवारी दुवै घरधनी तथा व्यवसायीको नै हुनेछ। अन्यथा सोको पूर्ण दायित्व दामासाहीले दुवै पक्षले लिनुपर्नेछ,

(ञ) नगरपालिका क्षेत्रभित्र रहेका राजमार्ग, सहायक राजमार्ग र अन्य मार्गहरुमा चल्ने सवारी साधन वा सवारी साधनमा यात्रा गर्ने यात्रुहरुबाट फोहोर निष्काशन भएमा वा सडकमा फालेको पाइएमा,

(ट) नगरपालिकाले पैदल यात्रीको लागि तोकिएको स्थान/डस्विनमा फोहोर नफाली अन्यत्र सडक किनारा वा सार्वजनिक स्थानमा फोहोरमैला फालेमा,

(ठ) घरधनीले आफुले पालेको घरपालुवा चौपाया एवं पशु पंक्षीलाई सडक वा सार्वजनिक स्थानमा खुल्ला रूपमा दिसा पिसाब गराएमा,

(ड) सडक पेटीमा सामान फिजाउने वा बिक्रीका लागि सामान राखेमा वा स्वयं घरधनीले राखेमा,

(ढ) डोको, ठेला लगायतका साधनमा सामान राखी सार्वजनिक स्थल वा निषेधित स्थानमा बसी सामान बिक्री वितरण गरेमा,

(ण) माछा, मासु उत्पादन तथा बिक्री वितरण गर्दा उत्पादन हुने मासुजन्य फोहोरहरु (हाड, सिँङ, खुर र अन्य) सम्बन्धित व्यवसायीले यथा समयमा नै उचित व्यवस्थापन नगरेमा,

**७. जरिवानाः**

यस ऐनको दफा (६) बमोजिम कसुर गर्ने व्यक्ति वा सङ्घ संस्थालाई निम्नानुसारको जरिवाना गरिने छः

(१) यो ऐन लागू भएपश्चात् कसुर गर्ने व्यक्तिलाइ रु.१०००।- (एक हजार) र संघ संस्थालाई पहिलो पटक रु. ५०००।- (पाँच हजार) जरिवाना हुनेछ।

(२) सोही प्रकृतिको कसुर दोहोऱ्याएमा व्यक्तिलाई दोस्रो पटक रु.२०००।- (दुई हजार) र संघ संस्थालाई दोस्रो पटक रु. १००००।- (दश हजार) जरिवाना हुनेछ।

(३) कन्टेनर, सरसफाई सवारी साधन तोडफोड गर्नेलाई पहिलो पटक रु. ५,०००।- (पाँच हजार) दोस्रो पटक रु. १०,०००।- (दश हजार), तेस्रो पटक वा सोभन्दा बढी रु. ५०,०००।- (पचास हजार) सम्म जरिवाना गरिने छ। साथै क्षतिको जिम्मा समेत सम्बन्धित व्यक्ति वा संस्थाको हुनेछ।

(४) फोहोरमैला सङ्कलन गर्ने स्थान, फोहोरमैला ढुवानी मार्ग, फोहोरमैला बिसर्जन स्थल आदिमा अवरोध उत्पन्न गरी **हडताल** गर्ने व्यक्ति वा सङ्घ संस्थालाई पहिलो पटक रु. १०,०००।- (दश हजार) सम्म जरिवाना गरिने छ र सोभन्दा बढी पटक अवरोध गर्ने व्यक्ति वा संस्थालाई रु. ३०,०००।- (तीस हजार) सम्म जरिवाना गरिने छ।

(५) यस ऐन बमोजिम तोकिएको शुल्क, गरिएको जरिवाना तिर्न इन्कार गर्ने व्यक्ति वा संघ संस्थालाई निजले प्रयोग गर्दै आएको खानेपानी, विद्युत लगायतका सुविधाहरुको सिफारिस रोक्का गर्ने, नगरपालिका क्षेत्रभित्र सञ्चालित उद्योग व्यवसायलाई कारबाहीको लागि सरोकारवालालाई लेखि पठाउने साथै घरजग्गाको कारोबार सिफारिस समेत रोक्का गरिने छ ।

(६) नगरपालिकाले ठेक्का प्रक्रियाबाट फोहोरमैला व्यवस्थापन गर्ने क्रममा छनौट भई सम्झौता गरेको व्यक्ति वा संस्थाले सम्झौताका शर्त उल्लंघन गरेमा देहाय अनुसार जरिवाना गरिनेछ ।

क. तोकिएको भन्दा बढी शुल्क असुल गरेमा - शुल्कको दोब्बर जरिवाना

क. फोहोरमैला संकलन र ढुवानीमा लापरबाही गरेमा - ५ हजार

ग. वातावरणीय मापदण्ड उल्लंघन गरेमा - १० हजार

घ. सार्वजनिक स्वास्थ्यमा असर पार्ने कार्य गरेमा - १० हजार

ङ. नगरपालिकाको निर्देशन अवज्ञा गरेमा - पहिलो पटक १० हजार र सो भन्दा बढी पटक उल्लंघन गरेमा पटकै पिच्छे १० हजारले जरिवाना वृद्धि हुँदै जानेछ।

च. तोकिएको प्रविधि वा उपकरण प्रयोग नगरेमा, फोहोर चुहावट तथा लिचड नियन्त्रण नगरेमा, स्थानीय समुदायलाई असर पर्ने गतिविधि गरेमा, आफ्नो अधिकार क्षेत्र भन्दा बाहिर गई कर तथा राजस्व उठाउने/छल्ने कार्य गरेमा, सेवा अवरुद्ध गरी दबाब सिर्जना गरेमा - पहिलो पटक १० हजार र सो भन्दा बढी पटक उल्लंघन गरेमा पटकै पिच्छे १० हजारले जरिवाना वृद्धि हुँदै जानेछ ।

छ. सम्झौतामा उल्लेखित अन्य शर्तहरु उल्लंघन गरेमा प्रचलित कानून बमोजिम ठेक्का सम्झौता रद्द गर्न सकिन्छ ।

## परिच्छेद ३
## समिति गठन तथा काम, कर्तव्य अधिकार

### ८. सरसफाई अनुगमन तथा कार्यान्वयन समिति गठन

(१) यो ऐन लागू भए पश्चात देहाय बमोजिमको सरसफाई अनुगमन तथा कार्यान्वयन समितिमा देहायका पदाधिकारीहरु रहनेछन्।

(क) नगर प्रमुख - संयोजक

(ख) नगर उपप्रमुख — सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) वातावरण तथा विपद् व्यवस्थापन समितिको संयोजक - सदस्य

(ङ) सम्बन्धित वडाका अध्यक्ष वा निजले तोकेको व्यक्ति १/१ जना - सदस्य

(च) नगरपालिका वातावरण सरसफाई शाखा प्रमुख - सदस्य सचिव

(छ) आवश्यकता अनुसार विषय विज्ञलाई सदस्यको रुपमा आमन्त्रण गर्न सकिनेछ

(२) समितिको काम, कर्तव्य र अधिकार

(ख) खुल्ला फोहोरमैला निषेधित क्षेत्रको स्थलगत रूपमा गई फोहोरमैला सम्बन्धी अनुगमन गर्ने र गर्न लगाउने र अनुगमनको बखत नियम विपरीत भएको पाइएमा तत्काल जरिवाना गर्ने र गर्न लगाउने।

(ग) जरिवाना शुल्क बुझाउन इन्कार गरेमा सेवा सुविधा रोक्का गर्न नगरपालिकालाई तत्काल सिफारिस गर्ने।

(घ) समय अनुकूल खुल्ला फोहोरमैला निषेधित क्षेत्र निर्धारण गर्ने।

(ङ) फोहोरमैला पृथकीकरण/वर्गीकरण गर्न जनचेतना एवं सहजीकरण गर्ने।

(च) फोहोर निष्काशन गर्ने समय र स्थान तोक्ने।

(छ) फोहोरमैला व्यवस्थापनका लागि अनुमति प्रदान गर्ने र अनुमति नलिई फोहोरमैलाको बिक्री वितरण सङ्कलन तथा भण्डारण गर्नेलाई कारवाही गर्ने गराउने।

(ज) यस ऐनमा उल्लेखित अन्य आवश्यक कुराहरुमा सुझाव एवं सल्लाह लिई भावी नीति तथा कार्यक्रमको प्रस्ताव तयार गरी नगरपालिकामा पेश गर्ने।

(झ) सरसफाई शुल्क उठाउन तथा व्यवस्थापन गर्न एवं निजी क्षेत्रसँग समन्वय, सहभागिता एवं साझेदारी गरी फोहोरमैलाको दीर्घकालीन व्यवस्थापन गर्ने तथा फोहोरमैलाको व्यवस्थापन गर्ने कार्यमा नगरपालिकालाई सहयोग गर्ने।

(ञ) दीर्घकालीन फोहोरमैला व्यवस्थापनको लागि स्यानिटरी ल्याण्डफिल साइटको निर्माण र सञ्चालन एवं फोहोरमैलाको वर्गीकरण गर्दै फोहोर मैला व्यवस्थापन ऐनको अवधारणा अनुसार अगाडि बढ्न नगरपालिकालाई सहयोग गर्ने ।

(ट) ऐन/कानूनको बर्खिलाप गर्ने र तोकिएको जरिवाना तिर्न इन्कार गर्ने व्यक्ति संस्था वा व्यवसायीलाई प्रहरी प्रशासनसँग समन्वय गरी हदैसम्मको कारवाही गर्न प्रक्रिया अगाडि बढाउने।

ठ) समितिले कुनै सदस्य एवम् कर्मचारीलाई काम, कर्तव्य र अधिकार मध्ये केही वा आंशिक अधिकार प्रत्यायोजन गर्न सक्नेछ।

## परिच्छेद ४
## समन्वय, प्रोत्साहन एवं पुरस्कारको व्यवस्था

**९. समन्वयः**

(१) यस ऐन कार्यान्वयन गर्ने सम्बन्धमा विशेष गरी देहायका सङ्घ संस्था एवं कार्यालयहरुसँग समन्वय गरिनेछ ।
–वडा समिति,पत्रकार महासंघ, जिल्ला स्थित सुरक्षा निकाय, उद्योग वाणिज्य संघ, टोल विकास संस्था, होटल व्यवसायी संघ, स्थानीय क्लबहरु, नगरपालिका क्षेत्रमा सक्रिय एन.जि.ओ./तथा सहकारी संस्था

एवं अन्य विभिन्न सामाजिक सङ्घ संस्थाहरु, सम्बन्धित सरकारी कार्यालय, निजी तथा सरकारी अस्पतालहरु

(२) दफा ८ द्वारा गठन गरिएको सरसफाई अनुगमन तथा कार्यान्वयन समितिले आवश्यकता अनुसार आवश्यक सुझाव, सल्लाह एवं राय परामर्शका आधारमा ऐन कार्यान्वयन गर्न सहयोग लिनेछ ।

**१०. पुरस्कार र सम्मान**

(क) यो ऐन प्रारम्भ भएको मितिदेखि ऐनलाई कार्यान्वयन गर्न सहयोग गर्ने वडा समिति तथा टोल विकास संस्थाहरु मध्ये उत्कृष्ट कार्यान्वयन गर्नेलाई सरसफाई अनुगमन तथा कार्यान्वयन समिति स्वयंले वा समितिको सिफारिसमा नगरपालिकाद्वारा पुरस्कार एवं सम्मान गर्न सकिनेछ ।

## परिच्छेद ५
## विविध

**११. निषेधित क्षेत्रः** खुल्ला रूपमा फोहोरमैला निष्काशन गरी घर बाहिर वा गेट बाहिर फोहोर थुपार्ने, जम्मा गर्ने वा राख्न नपाउने गरी नगरपालिका क्षेत्रभित्रका देहायका क्षेत्रलाई खुल्ला फोहोरमुक्त वा फोहोरमैला निषेधित क्षेत्र मानिने छ ।

**प्रथम चरणमाः**

क) नगरपालिकाका वडा नं. १, २, ४ र १० का सम्पूर्ण क्षेत्रहरु,

ख) ऐतिहासिक धार्मिक तथा पुरातात्विक महत्वका सम्पदा स्थलहरु

ग) सीतापाइला-धार्के राजमार्ग दायाँबायाँका क्षेत्रहरु,

घ) नागार्जुन क्षेत्रका बन जङ्गल, बनभोज स्थल, पार्क क्षेत्रहरु ।

ङ) खानेपानीको मुहान एवम् संरचनाहरु, स्वास्थ्य संस्थाहरु र विद्यालयहरु

**दोस्रो चरणमाः**

क) प्रथम चरणमा उल्लेखित क्षेत्रहरुको सरसफाईको अवस्था र यसको प्रभावकारिताको विश्लेषण गरी क्रमशः वडा नं ३, ५, ६, ७, ८ र ९ मा विस्तार गरिने छ ।

**१२. फोहोरमैला निष्काशन गर्ने समय र स्थानः**

(१) नगरपालिकाद्वारा फोहोरमैला सङ्कलन गरी बिसर्जन गर्ने स्थानमा लैजानको लागि अनुसूची - १ मा उल्लेखित समय तालिका र स्थान तोकिएको छ। तर साधनको उपलब्धता तथा जनशक्ति व्यवस्थापनको अवस्था र स्थानीय स्तरको माग र औचित्यलाई आधार मानी यो तालिका समय समयमा परिमार्जन गरिने छ ।

(२) अनुसूची - १ बमोजिम समय र स्थानमा फोहोर उठाउने साधन नआएसम्म स्वयं घरधनी वा पसल कवल धनीले फोहोरको पृथकीकरण गरी घर भित्र वा सटर भित्र व्यवस्थापन गरी राख्नु पर्नेछ ।

१३. यस ऐनलाई पूर्ण रूपमा कार्यान्वयन गर्ने जिम्मेवारी नगरपालिका अन्तर्गतका विभिन्न समिति, उपसमिति लगायत सरसफाईसँग सम्बन्धित अन्य सरकारी तथा गैरसरकारी कार्यालयहरुको समेत दायित्व हुनेछ ।

१४. नगरपालिका तथा कार्यालयमा दर्ता एवं नवीकरणका लागि सिफारिस भई आएका सरसफाईसँग सम्बन्धित गैरसरकारी संस्थाहरुले यस ऐन कार्यान्वयन गर्ने कार्यमा आवश्यक सहयोग उपलब्ध नगराएमा पुनः नवीकरण गर्न नगरपालिका तथा वडा कार्यालय बाध्य हुने छैन।

१५. फोहोरमैला वर्गीकरण गरी व्यवस्थापन गर्ने व्यवस्थाको थालनी गरिने छ ।

१६. नागार्जुन नगरपालिकको फोहोरमैला व्यवस्थापन गर्न निजी क्षेत्रलाई दिन सकिने छ ।

१७. नागार्जुन नगरपालिकाको प्रत्येक वडामा देहाय अनुसारको सरसफाई व्यवस्थापन समिति गठन गरिने छ ।

वडा अध्यक्ष — संयोजक

वडा सदस्यहरु मध्येबाट १ जना - सदस्य

सरसफाइसँग सम्बन्धित संघ संस्थाहरुको प्रतिनिधित्व हुने गरी समितिले मनोनयन गरेका बढीमा २ जना सदस्य — सदस्य

वडा सचिव — सदस्य सचिव

**१८. नियम, कार्यविधि वा निर्देशिका बनाउने अधिकारः** (१) यो ऐन कार्यान्वयन गर्न नागर्जुन नगरपालिकाले आवश्यक नियमहरु तथा कार्यविधि, निर्देशिका तथा मापदण्डहरु तर्जुमा गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम नागार्जुन नगरपालिकाले तर्जुमा गरेको नियमहरु तथा कार्यविधि, निर्देशिका तथा मापदण्डहरु नागार्जुन नगर कार्यपालिकाबाट स्वीकृत भए पश्चात लागू हुनेछ।

**१९. प्रचलित कानून बमोजिम हुनेः** यस ऐन र यस ऐन अन्तर्गत नियमहरुमा लेखिएका कुराहरुमा सोही बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ।

**२०. खारेजी र बचाउः**

(१) फोहोरमैला व्यवस्थापन ऐन/निर्देशिका अन्तर्गत भए गरेका काम कारबाहीहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

**आज्ञाले**
**गणेश प्रसाद अर्याल**
**प्रमुख प्रशासकीय अधिकृत**